# मंगलसेन नगरपालिका वडा नं. २ र वडा नं. ३ मा पर्ने छायाँतडा सौर्य सिंचाइ परियोजना निर्माण/जडान गर्नको लागि

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाडौं

र

मंगलसेन नगरपालिका
अछाम, सुदुरपश्चिम प्रदेश

बीच
लागत साझेदारीमा कार्यान्वयनको लागि भएको

## सम्झौता

२४ माघ, २०८१

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
२०५३

सुदुरपश्चिम प्रदेश, नेपाल

पदम बहादुर बोहरा
नगर प्रमुख

CamScanner

## मंगलसेन नगरपालिका वडा नं. २ र वडा नं. ३ मा पर्ने छायाँतडा सौर्य सिंचाइ परियोजना निर्माण/जडान गर्नको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र मंगलसेन नगरपालिका बीच लागत साझेदारीमा कार्यान्वयनका लागि भएको सम्झौता

यो सम्झौता नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र तथा जर्मन सहयोग नियोग अन्तर्गत KFW को आर्थिक सहयोगमा सञ्चालित Promotion of Solar Energy in Rural and Semi–urban Regions of Nepal कार्यक्रम अन्तर्गत, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, ताहाचल, काठमाडौं (यसपछि केन्द्र भनिएको) र मंगलसेन नगरपालिका, सुदुरपश्चिम प्रदेश, अछाम (यसपछि स्थानीय तह भनिएको) वीच लागत साझेदारीमा ठूला क्षमताका नमूना सौर्य सिंचाइ परियोजना निर्माण/जडानगर्नको लागि भएको हो । माथि उल्लिखित दुवैपक्षहरुले देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक /एक प्रति लियौं/दियौं ।

**१. यस सम्झौताको प्रयोजनको लागि**

(क)"परियोजना" भन्नाले छायाँतडासौर्य सिंचाइ परियोजना सम्झनुपर्छ ।

(ख) "कम्पनी"भन्नाले परियोजना निर्माण/जडानगर्न खरिद प्रक्रिया वमोजिम छनौट हुने निर्माण व्यावसायी सम्झनुपर्छ ।

**२. परियोजना तथा कामको विवरण**

२.१मंगलसेन नगरपालिकामा हाल छायाँतडासौर्य सिंचाइ परियोजना (परियोजनाको कूल क्षमता ४० किलोवाटपिक) कार्यान्वयन चरणमा रहेको छ। परियोजनाको विवरण तपसिल वमोजिम रहेको छ :

१. यो परियोजनालाई नमुना परियोजनाको रुपमा निर्माण तथा जडान गरिनेछ।

२. छायाँतडा सौर्य सिंचाइ परियोजना (४० किलोवाटपिक), वडा नं. २ र वडा नं. ३, छायाँतडा

लाभान्वित घरधुरीको संख्या : ९२       सिंचाइ गरीने जगाको क्षेत्रफल : ४५० रोपनी

२.२ माथि उल्लेखित परियोजनाको लागि लागत साझेदारीको विवरण तपसिल वमोजिम रहनेछ :

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र २०५३

पदम बहादुर बोहरा
नगर प्रमुख

CamScanner

तपसिल

लागत अनुमानको आधारमा परियोजनाको लागि गरिने लागत साझेदारी

| क्र.सं. | विवरण | लागतसाझेदारीको (प्रतिशत) | लागतसाझेदारीको अनुमानितरकम (मु.अ. क. सहित रु.) |
|---|---|---|---|
| १ | केन्द्रको लागत साझेदारीको हिस्सा | ८०% | १,२३,६२,२१७.५२ |
| २ | नगरपालिकाको लागत साझेदारीको हिस्सा | २०% | ३०,९०,५५४.३८ |
| ३ | अनुमानित कूल लागत | | १,५४,५२,७७१.९१ |

**३. केन्द्रको जिम्मेवारीहरु**

केन्द्रको जिम्मेवारीहरु देहाय बमोजिम रहने छन् :

३.१ केन्द्रले सौर्य सिंचाइ परियोजनाको प्राविधिक डिजाइन, लागत अनुमान तयार गरी प्राविधिक पुनरावलोकन समिति (Technical Review Committee) को सिफारिसमा स्वीकृत गर्नेछ । केन्द्रबाट स्वीकृत परियोजनाको वोलपत्र आव्हान केन्द्रले गर्नेछ ।

३.२ केन्द्रले परियोजना निर्माणको लागि आवश्यक वातावरणीय तथा सामाजिक सुरक्षण प्रतिवेदन तयारी तथा सो को सम्वन्धित निकायबाट स्वीकृतिको लागि पहल तथासहजीकरण गर्नेछ ।

३.३ स्थानीय तहबाट उपलब्ध गराउनुपर्ने २० प्रतिशत रकमकेन्द्रीय नवीकरणीय ऊर्जा कोषमा रहेको परियोजनाको खातामा जम्मा भए पश्चात् निर्माण व्यावसायी छनौटको सम्झौता प्रक्रिया अघि बढाइनेछ ।

३.४ केन्द्रले नमूना परियोजना(Pilot Project)को रुपमा कुल लागत रकमको ८० प्रतिशत रकम गरी केन्द्रीय नवीकरणीय ऊर्जा कोषमा रहेको परियोजनाको खातामा जम्मा गर्नेछ ।

३.५ केन्द्रले तोकेको डिजाइन र प्राविधिक मापदण्डका आधारमा परियोजना जडान/निर्माण गर्न प्रचलित व्यवस्था बमोजिम कम्पनी छनौट गरिनेछ ।

३.६ केन्द्रले परियोजनाको गुणस्तरीय निर्माण तथा समयमै सम्पन्न गराउनका लागि नियमित रुपमा अनुगमन,गुणस्तर सुनिश्चितता तथा समन्वय गर्नेछ ।

३.७ परियोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात् जडान/निर्माणकर्ता कम्पनीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा जडान/निर्माणकर्ता कम्पनीवाट केन्द्र तथा स्थानीय तहको रोहवरमा Testing andCommissioning गरिनेछ ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
२०५३

पदम बहादुर बोहरा
नगर प्रमुख

३.८ केन्द्रले Testing and Commissioning प्रतिवेदन र स्थलगत निरीक्षणको आधारमा परियोजना सम्पन्न भएको प्रमाणित गर्नेछ ।

३.९ केन्द्रले उपलब्ध गराउने रकम स्थानीय तहबाट उक्त परियोजनामा भएको कार्य प्रगतिको सिफारिसको आधारमा उपलब्ध गराउनेछ । केन्द्रले उपलब्ध गराउने रकमको अन्तिम किस्ता परियोजनाको कार्य सम्पन्न भएको प्रमाणित भएपछि उपलब्ध गराउनेछ ।

**<u>४. स्थानीय तहको जिम्मेवारीहरु</u>**

स्थानीय तहको जिम्मेवारीहरु देहाय बमोजिम रहेका छन् :

४.१ केन्द्रको प्राविधिक प्रतिवेदन बमोजिम छनौट भएको सौर्य सौर्य सिंचाइ परियोजनाको जडानको लागि चाहिने आवश्यक जग्गाको व्यवस्थापन स्थानीय तहले गर्नु पर्नेछ ।

४.२स्थानीय तहबाट  उपलब्ध गराउनुपर्ने २० प्रतिशत रकमकेन्द्रीय नवीकरणीय ऊर्जा कोषमा रहेको परियोजनाको खातामा जम्मा गर्नुपर्नेछ ।

४.३ कम्पनीसंग निर्माण कार्यको खरिद सम्झौता भएपश्चात परियोजना जडान/निर्माण गर्न आवश्यक पर्ने सामान तथा अन्य उपकरणहरुको भण्डारणका लागि चाहिने आवश्यक ठाउँको व्यवस्थापन स्थानीय तहले गर्नु पर्नेछ ।

४.४ परियोजना जडान गर्दा उपभोक्ता वा अन्य सरोकारवालाहरुसँग जग्गा, बाटो, कुलो निर्माण, ट्याङ्कि निर्माण वा अन्य कुनै प्रकारकाविवादहरु उत्पन्न भएमा सो विवाद सुल्झाउने कार्य स्थानीय तहले गर्नु पर्नेछ ।

४.५ स्थानीय तहले आयोजना जडान सम्पन्न भएपश्चात अनुगमन तथा मुल्याङ्कन गर्न केन्द्रसँग समन्वय गर्नेछ ।

४.६ स्थानीय तहसँग सौर्य सिंचाइ सँग सम्बन्धित प्राविधिक जनशक्ति उपलब्ध नभएको विद्यमान अवस्थामा प्राविधिक डिजाइन, बोलपत्र आह्वान साथै परियोजना निर्माण अघि तथा परियोजना निर्माण/जडान अवधिको लागि प्राविधिक कामको अख्तियारी स्थानीय तहले केन्द्रलाई उपलब्ध गराएको छ । परियोजना निर्माण/जडान पश्चात आयोजना नियमित सञ्चालनको जिम्मेवारी स्थानीय तहको हुनेछ ।

४.७ स्थानीय तहले मर्मत सम्भार कोष स्थापना गरी नियमित रुपमा मर्मत संभार गरी परियोजनाको दीगोपनको सुनिश्चितता गर्नेछ । सोको लागि महशुल निर्धारण गरी मासिक महशुल संकलन गरी मर्मत सम्भार कोष सञ्चालन गर्नेछ र उक्त कोषवाट परियोजनाको सञ्चालनको खर्च व्यहोर्नुपर्नेछ ।

४.८ निर्माण व्यावसायीले सम्पन्न गरेको कार्यको नापजाँच गरी रकम भुक्तानीको लागि केन्द्रमा सिफारिस गर्नेछ ।

४.९ स्थानीय किसानहरुलाई नगदे वाली तथा तरकारी खेतीको लागि अनिवार्य रुपमा प्रोत्साहन गर्नु स्थानीय तहको जिम्मेवारी हुनेछ ।

**५.समयावधी सम्बन्धी**

यो सम्झौताको समयावधी परियोजनाको निर्माण, परीक्षण तथा हस्तान्तरण नहुँदा सम्म वहालरहनेछ ।

**६. भुक्तानी सम्बन्धी**

कम्पनीसँग ठेक्का सम्झौता भएपश्चात लिखित सम्झौतामा उल्लेख भए वमोजिमकम्पनीलाई भुक्तानी गर्नुपर्ने रकम स्थानीय तहको सिफारिसमा गरिनेछ ।

**७. अन्य प्रावधानहरु**

७.१ केन्द्र र स्थानीय तह दुवै पक्षले माथि उल्लेख भएअनुसार सम्वन्धित सवै क्रियाकलापहरुको पालना तथाएक अर्कालाई पूर्ण सहयोग गर्नुपर्नेछ ।

७.२ यो सम्झौतामा उल्लेख भएका सम्पूर्ण क्रियाकलापहरुको विवरणको साथै यस परियोजनामा खर्च भएको रकमको आ-आफ्नो साझेदारीको लेखा परीक्षण सम्बन्धित निकायहरुले गराउने र आवश्यक परेमा एक अर्कालाई आवश्यक पर्ने विवरणहरु उपलब्ध गराउनेछन् ।

७.३ यो सम्झौताको कार्यान्वयनमा कुनै विवाद वा अस्पष्टता भएमा केन्द्र र स्थानीय तहलेआपसी छलफलवाट सुल्झाउने छन् । माथि जेसुकै उल्लेख भए तापनि यो सम्झौता नेपालको प्रचलित कानुनी क्षेत्राधिकार भित्र पर्नेछ ।

७.४ निर्माण कार्य गर्दा पक्षहरुले उल्लेखित शर्तहरु तथा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि सम्वन्धी ऐन, नियम लगायतको पालना गर्नु गराउनु पर्नेछ ।

७.५ निर्माण व्यवसायी छनौट भए पश्चात् तथा अन्य कुनै कारणवश परियोजनाको कूल लागतमा हेरफेर हुन गएमा माथि वुंदा नं. २.२ को तालिकामा उल्लिखित अनुपात (केन्द्रको ८० प्रतिशत र स्थानीय तहको २० प्रतिशत) मा दुवै पक्षले हेरफेर भएको रकम व्यहोर्नुपर्नेछ ।

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र २०५३

नगरपालिकाको कार्यालय ... सुदूरपश्चिम प्रदेश, नेपाल

पदम बहादुर बोहरा
नगर प्रमुख

CS CamScanner

| केन्द्रको तर्फबाट | स्थानीय तहको तर्फबाट |
|---|---|
| हस्ताक्षर :<br><br>नाम : श्री नवराज ढकाल<br>पद : कार्यकारी निर्देशक<br>कार्यालयको ठेगाना : ताहाचल, काठमाडौं | हस्ताक्षर :<br>पदम बहादुर बोहरा<br>नगर प्रमुख<br>नाम: पदम बहादुर बोहरा<br>पद: नगर प्रमुख<br>कायालयको ठेगाना : मंगलसेन नगरपालिका, अछाम |
| **साक्षी :**<br><br>हस्ताक्षर :<br><br>नाम: डा. नारायण प्रसाद अधिकारी<br>पद: नायव कार्यकारी निर्देशक<br><br>हस्ताक्षर :<br><br>नाम: डा. लक्ष्मण प्रसाद घिमिरे<br>पद: उप निर्देशक/आयोजना संयोजक<br><br>हस्ताक्षर :<br><br>नाम: श्री सन्तोष राई<br>पद: वरिष्ठ अधिकृत/प्रोजेक्ट म्यानेजर | **साक्षी :**<br><br>हस्ताक्षर :<br><br>नाम: देवेन्द्र वहादुर बोगटी<br>पद: वडा अध्यक्ष, मंगलसेन न.पा. २<br><br>हस्ताक्षर:<br><br>नाम: बिर्ख बहादुर बोगटी<br>पद: वडा अध्यक्ष मंगलसेन न.पा. ३<br><br>हस्ताक्षर :<br><br>नाम: खकेन्द्र बहादुर सोडारी<br>पद: अधिकृत छैठौं |

इति सम्वत् २०८१ साल माघ २४ गते रोज ५ शुभम्।

CamScanner